बैठक संख्याः ६ । २०८१
बैठक मितिः २०८१ । २ । १७, समयः दिनको २:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१ । २ । १७ गते विहिबार दिनको २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उपप्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री शिवशंकर राजधामी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री निरज चौधरी | स.क.अ | |
| २ | श्री प्राबिन साह | सब-इन्जिनियर | |

बैठक संख्याः ६।२०८१

बैठक मितिः २०८१।२।१७, समयः दिनको २:०० बजे

स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु**

१. प्रस्ताव नं. १ : शंकरवेली पर्यटन पूर्वाधार निर्माण सम्वन्धमा ।

२. प्रस्ताव नं. २ : झुम्का आधारभुत अस्पत्ताल व्यवस्थापन समिति गठन सम्वन्धमा ।

३. प्रस्ताव नं. ३ : योजना संम्झौताको म्याद सम्वन्धमा ।

४. प्रस्ताव नं. ४ : लैंगिक समानता र सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन स्वीकृति सम्वन्धमा।

५. प्रस्ताव नं. ५ : योजनाको भेरिएशन सम्वन्धमा ।

६. प्रस्ताव नं. ६ : न्यायिक समितिका असल अभ्यासहरुको भिडियो डकुमेन्ट्री निर्माण सम्वन्धमा।

७. प्रस्ताव नं. ७ : योजना संशोधन सम्वन्धमा।

८. प्रस्ताव नं. ८ : आर्थिक सहायता सम्वन्धमा।

९. प्रस्ताव नं. ९ : अपाङ्गगता रोकथाम तथा पुन:स्थापना कार्यक्रमको लागत साझेदारी सम्वन्धमा।

१०. प्रस्ताव नं. १० : उर्जा विकास उप-समिति गठन सम्वन्धमा।

११. प्रस्ताव नं. ११ : जमुवा कल्भर्ट अगाडि पछाडि माटो तथा मिसगिट्टी राख्ने

१२. प्रस्ताव नं. १२ : पूर्वाधार विकास समितिको सदस्य सचिव सम्वन्धमा।

१३. प्रस्ताव नं. १३ : सभाहलमा ए.सी. जडान गर्ने सम्वन्धमा।

१४. प्रस्ताव नं. १४ : योजना निर्माण सम्वन्धमा।

१५. प्रस्ताव नं. १५ : विद्युत महशुल भुक्तानी सम्वन्धमा।

**निर्णयहरु**

**निर्णय नं. १**

रामधुनी नगरपालिकालाई चालु आ.व.२०८०।०८१ मा कोशी प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदानवाट शंकरवेली पर्यटन पुर्वाधार निर्माण गर्ने ठेक्का नं. RMY/NCB/14/080/081 आव्हान भई रामधुनी नगरपालिका र धर्मराज कन्सट्रक्शन, ईनरुवा-२ सुनसरी वीच रु.१,२४,७०,३७४।१० पैसा (भ्याट र पि.एस.समेत ) मा मिति २०८१।३।१० गते कार्य सम्पन्न गर्ने गरी मिति २०८०।११।१६ गते सम्झौता भए अनुरुप स्थलगत रुपमा निर्माण कार्य संचालन हुदै गरेकोमा कुमारखत सव-डिभिजन वन कार्यालय, पञ्चायन, सुनसरीको च.नं.१३६ मिति २०८१।२।८ गतेको पत्रवाट निर्माण व्यवसायी धर्मराज कन्सट्रक्शन, ईनरुवा-२ सुनसरीलाई सो निर्माण कार्य तत्काल स्थगित गर्न पत्राचार भए वमोजिम धर्मराज कन्सट्रक्शन, ईनरुवा-२ सुनसरीले मिति

बैठक संख्याः ६।२०८१
बैठक मितिः २०८१।२।१७, समयः दिनको २:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

२०८१।२।१४ गते रामधुनी नगरपालिकाको कार्यालयलाई सम्वोधन गरी निर्माण कार्यमा अवरोध भएकोले सम्झौता अवधि भित्र कार्य सम्पन्न नहुने भएकोले निर्माण कार्य सुचारु गराउन आवश्यक सहयोग गरी दिन अनुरोध भई आएको अवस्था र कुमारखत सव-डिभिजन वन कार्यालय, पञ्चायन, सुनसरीको च.नं.१४१ मिति २०८१।२।१६ गतेको पत्रवाट रामधुनी नगरपालिकासंग उक्त शंकरवेली पर्यटन पुर्वाधार निर्माण योजनासंग सम्वन्धित कागजातहरु माग गरे विषय वैठक समक्ष पेश भई जानकारी भयो ।सो सम्वन्धमा छलफल हुँदा शंकरवेली पर्यटन पुर्वाधार निर्माण योजनासंग सम्वन्धित कागजातहरु सहित कुमारखत सव-डिभिजन वन कार्यालय, पञ्चायन, सुनसरीलाई लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं. २

रामधुनी नगरपालिका वडा नं. १ स्थित साविक १ नं. वडा कार्यालयको भवनमा संचालन हुने झुम्का आधारभूत अस्पत्तालको प्रभावकारी व्यवस्थापन तथा संचालन गर्नको लागि नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय वमोजिमको झुम्का आधारभूत अस्पत्ताल व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

झुम्का आधारभूत अस्पत्ताल व्यवस्थापन समिति गठन

१. नगर प्रमुख श्री शंकरलाल चौधरी - अध्यक्ष
२. नगर उप-प्रमुख श्री तारा थापा - सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
४. सम्वन्धित वडाका वडा अध्यक्ष श्री महेश कुमार चौधरी — सदस्य
५. नगर प्रमुखवाट मनोनित कार्य पालिकाको सदस्यहरु मध्ये एक जना महिला सहित दुई जना - सदस्य
-५ नं. वडाका वडा अध्यक्ष, श्री लेखनाथ वास्तोला -सदस्य
-कार्यपालिका सदस्य, श्री पुनम वि.क. -सदस्य
६. सामाजिक विकास समितिको संयोजक श्री शुशिला ढुङ्गाना -सदस्य

७. नगर प्रमुखवाट मनोनित समाजको लव्ध प्रतिष्ठित व्यक्ति मध्येवाट एक जना -सदस्य
-नेपाल रेडक्रस,झुम्काका सभापति -श्री ईश्वर घिमिरे
७. आधारभूत अस्पतालको प्रमुख/चिकित्सक — सदस्य
८.महिला स्वयंसेवीका मध्ये नगर प्रमुखले तोकेको एकजना — सदस्य
-मिना चौधरी
९. नगरपालिकाको स्वास्थ शाखा प्रमुख वा अधिकृतस्तरको कर्मचारी - सदस्य-सचिव

३/८

बैठक संख्याः ६।२०८१
बैठक मितिः २०८१।२।१७, समयः दिनको २:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. ३**

मिति २०८१।१।२७ गतेको नगर कार्यपालिका वैठकको निर्णयानुसार योजनाहरु मिति २०८१।२।१५गते पछि सम्झौता नगर्ने निर्णय भएकोमा विविध कारणले चालु आ.व.२०८०।०८१ मा योजना/कार्यक्रमहरु संचालनमा ढिलाई भएको जनगुनासो आएकोले संम्झौता हुन वाँकी रहेका योजना/कार्यक्रमहरु मिति २०८१।२।३० गतेसम्ममा संम्झौता गरी सक्ने र ठेक्का प्रक्रियावाट संचालन गरिने क्रमागत योजनाहरुको हकमा समय सिमा नरहने निर्णय गरियो ।

**निर्णय नं. ४**

रामधुनी नगरपालिकाको आ.व.२०७९।०८० को लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्न पाथिभरा अनुसन्धान सेवा एवं परामर्श सेवा प्रा.लि., फुङ्गलिङ्ग -५ ताप्लेजुङ्ग संस्थासंग सम्झौता भए अनुरुप उक्त संस्थाले अध्ययन कार्य सम्पन्न गरी पेश गरेको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदनवाट रामधुनी नगरपालिकाले ६२.५ अंक हासिल गरी उत्तम अवस्थामा रहेको देखिएकोले आगामी वर्षमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा थप सुधार गर्ने गरी सो प्रतिवेदनलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

रामधुनी नगरपालिका, ९ नं. वडा कार्यालयको च.नं.१३४६ मिति २०८०।२।१३ गतेको पत्रवाट राजन साहको घर देखि स्कुल जाने वाटो नाला निर्माण तथा चन्द्र कमल मा.वि. आगाडि पक्कि नाला निर्माणमा फोरवा गिट्टी लगाउनु पर्नेमा चालुवा गिट्टी लगाएकोमा चालुवा गिट्टीको मुल्यांकन गरी भुक्तानीको लागि सिफारिस भई आएकोले सो को भेरिएशन आदेश स्वीकृत गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

रामधुनि नगपालिकाको चालु आ.व.२०८०।०८१ मा न्यायिक समिति व्यवस्थापन शिर्षक अन्तर्गत न्यायिक समितिका असल अभ्यासहरु तर्फ रु.२०००००।— वजेट छुट्टिएकोमा सो वजेटवाट न्यायिक समितिका असल अभ्यासहरु समेटिएको भिडियो डकुमेन्ट्री निर्माण गर्ने निर्णय गिरयो ।

**निर्णय नं. ७**

रामधुनि नगपालिका ९ नं. वडा कार्यालयको को च.नं. १६६७ मिति २०८१।२।१६ को पत्र र ३ नं. वडा कार्यालयको च.नं.२७४८ मिति २०८१।२।१७ गतेको पत्रवाट निम्नानुसार योजनाहरु संशोधनको लागि अनुरोध भई आए वमोजिम उक्त योजनाहरु संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल**

CamScanner

बैठक संख्या: ६।२०८१

बैठक मितिः २०८१।२।१७, समयः दिनको २:०० बजे

स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

| वडा नं. | साविकको योजनाको नाम | वजेट रु. | संशोधित योजनाको नाम | वजेट रु. |
|---|---|---|---|---|
| ९ | दलित समुदायमा घुर शिक्षा कार्यक्रम | ३००००।- | छप्कीको नाला छेउमा माटो पुर्ने | २००००।- |
| | | | सितपुरको चौतारा/फलैचा निर्माण | १००००।- |

**निर्णय नं. ८**

निम्न बमोजिमको व्यक्ति/संस्थालाई चालु आ.व. २०८०|०८१ मा आर्थिक सहायता शिर्षक/सम्वन्धित कार्यक्रमको शिर्षकमा विनियोजित बजेट मध्येबाट निम्न बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र.स. | आर्थिक सहायता प्रदान गरिने व्यक्ति/संस्थाको नाम,थर /ठेगाना | आर्थिक सहायता प्रदान गर्नुपर्ने कारण | सम्बन्धित वडा/व्यक्ति/संस्थाको सिफारिस पत्रको च.नं. र मिति | आर्थिक सहायता/राहात रकम/जिन्सी | कैफियत |
|---|---|---|---|---|---|
| १. | रविना खातुन, वडा नं.२ | आगो लागि वापतको राहात | १८९१/ २०८१।२।१७ | रु.१००००।- | सम्वन्धित वडाको वजेटवाट |
| २. | पवित्रा प्याकुरेल वडा नं.२ | क्यान्सर उपचार सहयोग | १७९४/ २०८१।२।२ | रु.२००००।- | |

**निर्णय नं. ९**

कोशी प्रदेश, सामाजिक विकास मन्त्रालयको च.नं.१५२९ मिति २०८१।२।२ गतेको पत्रवाट आ.व.२०८१।०८२ को लागि अपाङ्गगता रोकथाम तथा पुन:स्थापना कार्यक्रम संचालन गर्नको लागि लागत साझेदारीको वजेट सुनिश्चतता गर्न लेखि आएको विषयको सम्वन्धमा वैठकमा पेश भई जानकारी भयो ।उक्त सम्वन्धमा रामधुनी नगरपालिकावाट आ.व.२०८१।०८२ देहाय वमोजिमको अपाङ्गगता रोकथाम तथा पुन:स्थापना कार्यक्रम संचालन गर्नको लागि निम्न वमोजिमको लागत साझेदारी व्यहोर्ने प्रतिवद्धता सहितको प्रस्ताव सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

५/८

बैठक संख्याः ६।२०८१
बैठक मितिः २०८१।२।१७, समयः दिनको २:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**तपसिल**

| क्र.सं. | लागत साझेदारी गर्ने मुख्य-मुख्य क्रियाकलापहरु | मन्त्रालयको प्रस्तावित बजेट रु. | स्थानिय तहबाट प्रस्तावित बजेट रु. |
|---|---|---|---|
| १ | नव दम्पतिका लागि शुभकामना कार्ड छपाई तथा वितरण | १०६७५ | १०६७५ |
| २ | जन्मजात हुनसक्ने अपांगता पहिचानका लागि नवजात शिशुको जाँच | ५५८०० | ५५८०० |
| ३ | स्वास्थ्य उपचार सहयोग | ८२५०० | ८२५०० |
| ४ | सहायक सामग्री सहयोग | ८२५०० | ८२५०० |
| ५ | सिपमुलक र व्यवसायीक तालिम | ८२५०० | ८२५०० |
| ६ | अपाङ्गता भएका व्यक्तिहरुका लागि व्यवसायी प्रवर्द्धन अनुदान | ९०००० | ९०००० |
| ७ | अपाङ्गता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय दिवस मनाउने | २२५०० | २२५०० |
| ८ | मिलिजुली समूहहरुको लागि बचत, ऋण व्यस्थापन तथा नेतृत्व विकास तालिम | २६७५० | २६७५० |
| ९ | अपाङ्गता भएका व्यक्तिहरुको सँस्था (ओ.पि.डि.) सुदृढीकरण तथा अपाङ्गता सशक्तीकरण कार्यक्रम संचालन अनुदान | ७५००० | ७५००० |
| १० | अपाङ्गता सहायता कक्ष स्थापना तथा संचालन | १४३००० | १४३००० |
| ११ | अनुगमन तथा मूल्यांकन | १५००० | १५००० |
| | जम्मा | ६८६२२५ | ६८६२२५ |
| | कुल जम्मा | | १३७२७५०।- |

६/८

बैठक संख्याः ६।२०८१
बैठक मितिः २०८१।२।१७, समयः दिनको २:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. १०**

रामधुनी नगरपालिकाको उर्जा विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि निम्न वमोजिमको उर्जा विकास उप-समिति गठन गर्ने निर्णय गरियो ।

**उर्जा विकास उप-समिति गठन**

| क्र.सं. | नाम | पद | |
|---|---|---|---|
| १ | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष (वडा नं. ८) | संयोजक |
| २ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष (वडा नं. १) | सदस्य |
| ३ | श्री राम नारायण चौधरी | वडाध्यक्ष (वडा नं. २) | सदस्य |
| ४ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष (वडा नं. ३) | सदस्य |
| ५ | श्री कमल कार्की | वडाध्यक्ष (वडा नं. ४) | सदस्य |
| ६ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष (वडा नं. ५) | सदस्य |
| ७ | श्री शिवशंकर राजधामी | वडाध्यक्ष (वडा नं. ६) | सदस्य |
| ८ | श्री केशव गौतम | वडाध्यक्ष (वडा नं. ७) | सदस्य |
| ९ | श्री घनश्याम चौधरी | वडाध्यक्ष (वडा नं. ९) | सदस्य |
| १० | श्री भगवती खड्का | कार्यपालिका सदस्य | सदस्य |
| ११ | स.ई. श्री प्रविन साहा | प्राविधिक कर्मचारी | सदस्य सचिव |

**निर्णय नं. ११**

रामधुनी नगरपालिका, ६ नं. वडा कार्यालयको च.नं.२१३८ मिति २०८१।१।२३ गतेको पत्रवाट चालु आ.व.२०८०।०८१ मा संचालन भएको जमुवा कल्भर्ट निर्माण कार्य गरेकोमा सो को संरक्षण गर्न सोही कल्भर्टको अगाडि पछाडि माटो तथा मिसगिट्टी राखु पर्ने आवश्यकता भई प्राविधिक लागत अनुमान रु.१९८०६२।५०पैसा पेश हुन आएकोले चालु आ.व.२०८०।०८१ मा समपुरक कोष तर्फ विनियोजित वजेट मध्येवाट उक्त रकम विनियोजन गरी सो कार्य संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

मिति २०८१।२।१४ गतेको कार्यपालिका वैठकवाट रामधुनी नगरपालिकाको पूर्वाधार विकास समितिमा अधिकृत श्री सुवोध निरौलालाई सदस्य सचिव तोकिएकोमा योजना शाखा प्रमुख श्री विनय परियारलाई पूर्वाधार विकास समितिमा सदस्य सचिव तोक्ने निर्णय गरियो ।

७/८

CamScanner

बैठक संख्याः ६।२०८१
बैठक मितिः २०८१।२।१७, समयः दिनको २:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. १३**

रामधुनी नगरपालिकाको सभाहल लगायतको विभिन्न कार्यकक्षहरुमा ए.सी. जडान गर्न आवश्यक भएकोले चालु आ.व.२०८०।०८१ मा आवधिक योजना निर्माणमा विनियोजित वजेट रु.१००००००।-वाट ए.सी.जडानको कार्य संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

रामधुनी नगरपालिका अन्तर्गत निम्न योजनाहरु संचालन गर्न आवश्यक भएकोले चालु आ.व.२०८०।०८१ मा समपुरक कोष तर्फ विनियोजित वजेट मध्येवाट देहाय वमोजिमको वजेट विनियोजन गरी कार्य संचालन गर्ने निर्णय गरियो ।

निम्न

| सि.नं. | योजनाको नाम | ठेगाना | वजेट रु. |
|---|---|---|---|
| १ | वडा कार्यालयको सिढी घर निर्माण र गेट निर्माण | वडा नं.२ | १५००००।- |
| २ | खानेपानीको वोरिङ्ग निर्माण | वडा नं. ७ नयाँटोल पिपल गाछी | १२००००।- |
| ३ | ४ वटा होम पाईप खरीद | वडा नं.६ | १०००००।- |

**निर्णय नं. १५**

रामधुनी नगरपालिका वडा नं. ८ र वडा नं. ९ को मिटर जडित पोलवत्तीको विद्युत महशुल वापतको रकम रु.२०००००।— नेपाल विद्युत प्राधिकरण शाखा ईनरुवालाई भुक्तानी गर्ने निर्णय गरियो ।